**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**वित्तीय संस्था सुपरिवेक्षण विभाग**
**छनौट समितिको सचिवालय, बालुवाटार**

## दरखास्त आह्वानसम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/११/१४)
(दोस्रो पटक प्रकाशित मिति : २०८०/१२/०७)

समस्याग्रस्त नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेड, पुतलीसडक काठमाडौंको व्यवस्थापन तथा सञ्चालनका लागि दुई जना व्यक्ति सम्मिलित व्यवस्थापन समूहमा देहायको पद पूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकबाट मिति २०८०/१२/१३ गते मंगलबार कार्यालय समयभित्र दरखास्त फाराम पेश गर्न पुनः आह्वान गरिएको छ । दरखास्त पेश गर्दा आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र (उमेर नखुलेको हकमा सो खुल्ने प्रमाणपत्र समेत), अनुभवका कागजात एवम् छनौट समितिले तोकेका अन्य कागजात संलग्न गर्नु पर्नेछ । म्यादभित्र दाखिला नभएको वा रित नपुगी आएको दरखास्तउपर कुनै किसिमको कारबाही हुने छैन ।

साथै, प्रथम पटक प्रकाशित सूचना अनुसार प्राप्त दरखास्त फारामलाई यथावत कायम गरिएको व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.सं.. | पद | आवश्यक पद संख्या | न्यूनतम शैक्षिक योग्यता तथा अनुभव |
|---|---|---|---|
| १ | संयोजक | १ | व्यवस्थापन, बैंकिङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, लेखा, गणित, व्यापार प्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरी बैंकिङ क्षेत्रमा न्यूनतम १० (दश) वर्षको अनुभव प्राप्त गरेको बैंकिङ विज्ञ । |

१. सेवा अवधि : १ (एक) वर्ष (आवश्यकता तथा कार्य प्रगतिका आधारमा ६/६ महिनाका लागि दुई पटकसम्म सेवा अवधि नवीकरण गर्न सकिने) ।
२. दरखास्त दिने अन्तिम मिति (२०८०/१२/१३) मा उम्मेदवारको उमेर ३५ वर्ष पूरा भई ६५ वर्ष ननाघेको हुनु पर्नेछ ।
३. परीक्षाको किसिम : कार्ययोजना तथा सोको प्रस्तुतीकरण र अन्तर्वार्ता ।
४. दरखास्त स्वीकृत भएका उम्मेदवारको नामावली, कार्ययोजना प्रस्तुतीकरणको समयतालिका र अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारको सूची तथा समयतालिका बैंकको वेबसाइटमा प्रकाशित गरिनेछ ।
५. पारिश्रमिक तथा अन्य सुविधाहरू : रु.१,२६,३००।- (अक्षरेपि एक लाख छब्बीस हजार तीन सय मात्र) मासिक पारिश्रमिक (नियमानुसारको कर सहित) प्रदान गरिने छ । दशैं खर्च बापत एक महिनाको पारिश्रमिक बराबरको रकम प्रदान गरिनेछ । सो बाहेक अन्य कुनै प्रकारको भत्ता प्रदान गरिने छैन । साथै, भैपरिआउने बिदा वार्षिक १२ दिन सम्म पाउने ।
६. काम गर्नुपर्ने कार्यालय : नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेड, पुतलीसडक काठमाडौं ।
७. दरखास्त फाराम छनौट समितिको सचिवालयमा पेश गर्नु पर्नेछ ।
८. दरखास्त पेश गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन कार्यालय समयभित्र दरखास्त पेश गर्न सकिनेछ ।
९. दरखास्त फाराम र सोको साथ पेश गर्नुपर्ने विवरण, व्यावसायिक कार्ययोजनाको ढाँचा तथा कार्यादेश सम्बन्धी जानकारी छनौट समितिको सचिवालयबाट उपलब्ध हुनेछ ।

(सदस्य सचिव)
छनौट समिति